वैठक नं : ५

आज मिति २०७६ साल पौष ८ गते दिउँसो २ :०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा वैठक वसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

| क.सं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री भावना भण्डारी | नगर उप–प्रमुख | |
| ३ | श्री दिपक राना | अध्यक्ष वडा नं.–१ | |
| ४ | श्री कालि वहादुर वली | अध्यक्ष वडा नं.–२ | |
| ५ | श्री लिला वहादुर शाह | अध्यक्ष वडा नं.–३ | |
| ६ | श्री खाग्व जंग शाह | अध्यक्ष वडा नं.–४ | |
| ७ | श्री श्याम लाल जैसी | अध्यक्ष वडा नं.–५ | |
| ८ | श्री शसिराम वुढा | अध्यक्ष वडा नं.–६ | |
| ९ | श्री चन्द्र वहादुर शाही | अध्यक्ष वडा नं.–७ | |
| १० | श्री कर्ण बहादुर कार्की | अध्यक्ष वडा नं.–८ | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | अध्यक्ष वडा नं.–९ | |
| १२ | श्री ठगेन्द्र वहादुर राना | अध्यक्ष वडा नं.–१० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | अध्यक्ष वडा नं.–११ | |
| १४ | श्री निम वहादुर भनारी | अध्यक्ष वडा नं.–१२ | |
| १५ | श्री ~~गोपाल वहादुर नटाला~~ कोमिला कामी | का.वा. अध्यक्ष वडा नं.–१३ | |
| १६ | श्री पार्वती वि.क | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री विर वहादुर वादी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | |
| २३ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | |
| २४ | श्री दल बहादुर घर्ती | प्रमुख प्रशासकिय अधिकृत) | |
| | आमन्त्रित | | |
| १ | श्री प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २ | श्री चण्डीका चौलागाई | अधिकृत | |
| ३ | श्री सुर्य प्रसाद लम्साल | सुचना प्रविधि अधिकृत | |
| ४ | श्री डम्बर वहादुर विष्ट | लेखापाल | |

निर्णयहरूः

१. निर्माणाधिन अवस्थामा रहेको नगर पालिकाको प्रशासनिक भवनको साढे चार तलाको डिजाईन तथा ल.ई. भएकोमा बजेट अभावका कारण यस अघि दुई तलाको मात्र टेण्डर भई निर्माण कार्य सम्पन्न हुने अवस्थामा रहेको र लगत ईष्टिमेट अनुसार उक्त भवन निर्माण सम्पन्न गर्न चालु आ.व.मा संघीय समपुरक अनुदान बापत रू ९१ लाख बजेट बिनियोजन भई आएकोले डिजाईन अनुसारको बाँकी थप तला निर्माणका लागि संशोधित ल.ई. बमोजिम हुन आउने भ्याट सहित रू. २ करोड ६३ लाख को बजेट स्वीकृत गरी टेण्डर प्रक्रिया अगाडी बढाउने साथै उक्त संशोधित ल.ई. को कुल रकम मध्ये संघीय समपुरक अनुदान रू ९१ लाख र बाँकी रकम रू. १ करोड ७२ लाख नगरपालिकाको समपुरक अनुदान तथा अन्य श्रोत जुटाई खर्च गर्ने ।

२. सडक बोर्ड नेपालको च.नं. ४४०, मिति २०७६।५।१२ को प्राप्त पत्रानुसार चालु आ.व. को स्वीकृत बार्षिक बजेट रू २१ र नगरपालिकाको समपुरक अनुदान रू ९ लाख गरी जम्मा रू ३० लाख बजेट सिमाभित्र रही यस नगरपालिकाको वडा नं. १०, ८ र ७ को भुरचौर स्याउली सडक खण्ड मर्मत संभार गर्ने ।

३. अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि ऐन, २०७४ तथा भेरी नगरपालिकाको अपांगता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धि कार्यविधि, २०७५ अनुसार परिचय पत्र वितरण समन्वय समितिको मिति २०७६।९। गते बसेको बैठकका निर्णयहरू कार्यान्वयनका लागि अनुमोदन गर्ने ।

४. नेपाल पर्यटन बोर्डको च.नं. ४ मिति २०७६।७।२७ को प्राप्त पत्रानुसार शिवालय मन्दिर परिसरमा विश्राम गृह तथा भेरी नदीसम्म सिढी निर्माण कार्यका लागि पत्रमा उल्लेख भएको व्यहोरा बमोजिम कार्य सम्पन्न गर्न यस नगरपालिकाका सव् ईन्जिनियर श्री पवन खत्रीलाई फोकल पर्सन तोक्ने ।

५. तपसिलमा उल्लेखित योजना तथा कार्यक्रम संचालनका लागि तोकिएको शिर्षकबाट भुक्तानी लेख्ने गरि बजेट स्वीकृत गर्ने ।

तपसिलः

| क्र.सं. | योजना।कार्यक्रम | बजेट रू | खर्च लेख्ने शिर्षक |
|---|---|---|---|
| १. | तल्लो थाप्ले बसपार्क विस्तार | ३,९३,०००।- | गत बर्षको संचित कोष |
| २. | ठाँटी बाग्लुंग होटल सडक खण्डको बाग्लुंग होटल मुनि थप निर्माण कार्य | ९,९०,०००।- | नगरपालिकाको समपुरक अनुदान |
| ३. | वडा नं. १,४,५,७,८,१०,१२ का स्वास्थ्य सेवा भवन निर्माणका लागि जग्गा नामसारी खर्च प्रति वडा रू ८ हजारका दरले | ५६,०००।- | चालु आ.व. को स्वीकृत चालु खर्चतर्फको कार्यक्रम खर्च शिर्षक |
| ४. | वडा नं. ४ को वडा कार्यालयको शौचालय मर्मत खर्च | १०,०००।- | चालु आ.व.को स्वीकृत चालु खर्चतर्फको कार्यक्रम खर्च शिर्षक |
| ५. | कालिका आधारभुत विद्यालय डिंगा सोलार जडान | १,५०,०००।- | चालु आ.व.को स्वीकृत चालु खर्चतर्फको कार्यक्रम खर्च शिर्षक |

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ११३४, मिति २०७६।९।४ को प्राप्त पत्रानुसार आगामि आ.व. मा संचालन गर्नको लागि तपसिल बमोजिमका योजनाहरू पेश गर्ने ।

तपसिलः

| क्र.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | बाहुनथाना डिंगा–सडक | वडा नं. २ | |
| २. | पिपे मैदे वरालेक रिंग रोड | वडा नं. १ | |
| ३. | गैरी खाली देखि जिल्ला अस्पताल सडक | वडा नं. ४ र ३ | |
| ४. | खोलाखर्क गैरीगाउँ खानेपानी योजना | वडा नं. ७ | |
| ५. | भूरचौर लिफ्ट खानेपानी योजना | वडा नं. १० | |
| ६. | रिम्ना लिफ्ट खानेपानी योजना | वडा नं. १ | |
| ७. | जिल्ला अदालतबाट खेलकुद कभर्ड हल माथि थाप्ले | वडा नं. ३ | |
| ८. | तल्लो थाप्ले वसपार्क निर्माण | वडा नं. ३ | |
| ९. | दिपेन्द्र मा.वि. को फिल्ड निर्माण तथा घेरावार | वडा नं.९ | |
| १०. | भेरी प्रा.वि. को कम्पाउण्ड वाल निर्माण | वडा नं. ४ | |
| ११. | गैरी खाली रानागाउँ सडक निर्माण | वडा नं. ४ | |
| १२. | गणेश मन्दिर देखि दरवार जानेवाटोसम्म सडक निर्माण | वडा नं. ३ | |
| १३. | ठाँटी देखि सिमलगैरी सम्म बाटो निर्माण | वडा नं. ३ | |

७. नगरपालिकाको सेवालाई व्यवस्थित एवं प्रभावकारी रुपमा प्रवाह गर्न देहाय बमोजिमका नीति तथा कार्यविधिहरू पारीत गर्नेः

क. विपन्न नागरिक सहयोग कोष स्थापना तथा संचालन कार्यविधि, २०७६

ख. सुशासन (संचालन तथा व्यवस्थापन) नीति, २०७६

ग. भेरी नगरपालिकाको पशु पंक्षी तथा मत्स्य पालन निती, २०७६

घ. भेरी नगरपालिकाको पशु पंक्षी कार्यक्रम संचालन कार्यविधि निर्देशिका, २०७६

ङ. वालमैत्री स्थानीय शासन रणनीतिक योजना, २०७६-२०७८

८. भेरी नगरपालिकाको गत नगरसभाले पारित गरेका विशेष कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्न देहायका कर्मचारीहरूलाई हाललाई देहाय बमोजिमको जिम्मेवारी तोक्नेः

क. अधिकृत छैठौं सुधाा हमाल — वातावरण तथा सरसफाई (शाखा) कार्यक्रम

ख. अधिकृत छैठौं चण्डिका चौंलागाई — सामाजिक विकास शाखा तथा जातिय छुवाछुत मुक्त नगर घोषणा अभियानको सम्पर्क व्यक्ति

ग. खरिदार सहायक स्तर चौथो धनसरा रानाः वालवालिकासंग मेयर कार्यक्रमको सम्पर्क व्यक्ति

९. यस नगरपालिकाको गत नगर सभाबाट महिलाहरूको लागि महिला केन्द्रित विशेष कार्यकम संचालन गर्न महिलासंग उपमेयर कार्यक्रम संचालन गर्ने भनी बजेट समेत स्वीकृत गरिएकोमा सो बजेट तथा कार्यक्रम संचालनका लागि नगर क्षेत्रभित्र महिलासंग सम्बन्धित कार्यक्रम संचालन गरीरहेका गैससहरूसंग प्रस्ताव माग गर्ने र उपयुक्त प्रस्ताव पेश गर्ने गैससलाई छनौट गरी कार्यक्रम संचालन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

१०. नेपाल सरकार राष्ट्रिय योजना आयोगे सिहदरवार काठमाडौंको मिति २०७६।०९।०२ गतेआ व २०७७।७८ का लागि प्रदेश र स्थानीय तहमा समपुरक तथा विषेश अनुदान बाँडफाँड गर्न आयोजना/ कार्यक्रम प्रस्ताव पेश गर्न आव्हान गरिएको सुचनानुसार यस नगरपालिकामा आ व २०७७/७८ को लागि निम्नानुसारका योजनाहरु समपुरक तथा विशेष अनुदान मार्फत कार्यन्वयन गर्न वजेट माग गर्ने ।

तपशिल

क) समपुरक अनुदान तर्फ :

- ✓ रानागाउँ - पाखेदह - नेटिबजार-समालपाख्रा हुदै मछाइना मालिका मन्दिर सम्मको सडक निर्माण वडा न ४ र ६
- ✓ बहुउद्श्यिय कभर्ड हल डाप्का वडा न ५

ख) विशेष अनुदान तर्फ :

- ✓ गुणस्तरीय शिक्षाकालागी मेयरसँग बालबालिका कार्यक्रम नगरपालिकाका सवै वडा ।
- ✓ बहुक्षेत्रिय पोषण कार्यक्रम नगरपालिकाका सवै वडा ।